संचालक समितिबाट स्वीकृत मितिः २०८३/६/२७

नेपाल ट्रष्ट कार्यक्रम (शैक्षिक, प्राज्ञिक तथा स्वास्थ्य) सञ्चालन विनियमावली, २०८३

प्रस्तावनाः नेपाल ट्रष्टको नाममा रहेको सम्पत्तिको उपयोग गरी आय आर्जन भएको रकम वा श्रोतबाट व्यापक र सर्वोत्तम सार्वजनिक लाभको लागि विभिन्न शैक्षिक, प्राज्ञिक तथा स्वास्थ्य सेवा सम्बन्धी कार्यक्रम प्रभावकारी र पारदर्शी रूपमा सञ्चालन गर्न नेपाल ट्रष्ट ऐन, २०६४ को दफा २५ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी ट्रष्ट सञ्चालक समितिले यो विनियमावली बनाएको छ।

परिच्छेद-१

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस विनियमावलीको नाम *"नेपाल ट्रष्ट कार्यक्रम (शैक्षिक, प्राज्ञिक तथा स्वास्थ्य) सञ्चालन विनियमावली, २०८३*" रहेको छ।

(२) यो विनियमावली सञ्चालक समितिले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियमावलीमा, -

(क) **"अस्पताल"** भन्नाले विशेषज्ञ चिकित्सक सहित स्वास्थ्य सेवा प्रदायक वा उपचारत्मक, प्रतिरोधात्मक तथा प्रवर्धनात्मक स्वास्थ्य सेवा आकस्मिक, बहिरङ्ग तथा अन्तरङ्ग विभागबाट उपलब्ध गराउन स्थापना गरिएको संस्था सम्झनु पर्छ।

(ख) **"उच्च शिक्षा"** भन्नाले कुनै विषयमा हासिल गरिने स्नातक तह वा स्नातकोत्तर तहको उपाधि सम्झनु पर्छ।

(ग) **"ऐन"** भन्नाले नेपाल ट्रष्ट ऐन, २०६४ सम्झनु पर्छ।

(घ) **"कार्यक्रम"** भन्नाले नियमावलीको नियम ३ बमोजिमका कार्यक्रम वा आयोजना सम्झनु पर्छ।

(ङ) **"कार्यालय"** भन्नाले नेपाल ट्रष्टको कार्यालय सम्झनु पर्छ।

(च) **"गैर नाफामुलक संस्था"** भन्नाले संस्था दर्ता ऐन, २०३४ वा प्रचलित कम्पनि ऐन बमोजिम स्थापना भई नाफा वितरण नगर्ने उद्देश्य राखी शिक्षा, स्वास्थ्य तथा समाजसेवाको क्षेत्रमा काम गर्ने संस्था वा कम्पनी सम्झनुपर्छ ।

(छ) **" निर्देशक समिति"** भन्नाले विनियम ४ बमोजिमको कार्यक्रम निर्देशक समिति सम्झनु पर्छ ।

(ज) **"नियमावली"** भन्नाले नेपाल ट्रष्ट नियमावली, २०६५ सम्झनु पर्छ।

(झ) **"प्राविधिक शिक्षा"** भन्नाले इन्जिनियरिङ्ग, चिकित्सा विज्ञान, कृषि विज्ञान, वन विज्ञान, खाद्य प्रविधि जस्ता विषयलाई सम्झनु पर्छ।

(ञ) **"पिछडिएको क्षेत्र"** भन्नाले अछाम, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्लालाई सम्झनु पर्छ र सो शब्दले राष्ट्रिय जनगणनाको तथ्याङ्कको आधारमा शिक्षा, स्वास्थ्य आदि मानव विकासका सूचकहरुका आधारमा पिछडिएको र गरीबीको रेखामुनी रहेको जनसंख्याको अनुपात बढी रहेको सञ्चालक समितिले तोकेको अन्य जिल्ला समेतलाई जनाउँछ।

(ट) **"विषयगत निकाय"** भन्नाले यस विनियमावलीबमोजिम कार्यक्रम कार्यान्वयन गर्न तोकिएको नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको सम्बन्धित विषय क्षेत्र हेर्ने सरकारी निकाय सम्झनु पर्छ।

(ठ) **"सञ्चालक समिति"** भन्नाले ऐन बमोजिमको नेपाल ट्रष्ट सञ्चालक समिति सम्झनु पर्छ।

(ड) **"स्वास्थ्य संस्था"** भन्नाले कम्तीमा सहायक स्तरका (हेल्थ असिस्टेन्ट) स्वास्थ्यकर्मीको नेतृत्वमा प्रवर्धनात्मक, प्रतिरोधात्मक तथा उपचारत्मक स्वास्थ्य सेवाहरु एकीकृत रूपमा प्रदान गर्न स्थापना भएको स्वास्थ्य संस्था वा लागू औषध दुर्व्यसनी पुनर्स्थापन वा उपचार गर्ने संस्था समेत सम्झनु पर्छ।

(ढ) **"शैक्षिक संस्था"** भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएका सामुदायिक विद्यालय, विश्वविद्यालय, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदबाट संचालित आंगिक विद्यालय वा आंगिक तालिम केन्द्रलाई सम्झनु पर्छ र सो शब्दले नियमावली बमोजिम ट्रष्टको स्वामित्वमा रहेको वा स्थापना गरेको शैक्षिक वा प्राज्ञिक संस्था समेतलाई जनाउँछ।

परिच्छेद-२

वार्षिक कार्यक्रम स्वीकृति तथा निर्देशक समिति

३. **वार्षिक कार्यक्रम स्वीकृति:** (१) यस विनियमावली बमोजिमको कार्यक्रम संचालन गर्न नेपाल ट्रष्टको नाममा रहेको सम्पत्तिको उपयोग गरी आय आर्जन भएको रकम वा श्रोतबाट ऐन र नियमावली बमोजिम तोकिएको बजेट सीमाको अधीनमा रही कार्यालयले वार्षिक कार्यक्रम मस्यौदा गरी सञ्चालक समिति समक्ष पेश गर्नेछ र सञ्चालक समितिले वार्षिक कार्यक्रम स्वीकृत गर्नेछ ।

(२) उपविनियम (१) बमोजिम कार्यक्रम संचालनको लागि अनुदान रकम र अनुदान पाउने संस्था/निकायको संख्या ट्रष्टको वार्षिक कार्यक्रम र आयको आधारमा सञ्चालक समितिले निर्धारण गरे बमोजिम हुनेछ।

४. **कार्यक्रम निर्देशक समिति:** (१) नियमावलीको नियम (३) बमोजिम ट्रष्टको सम्पत्ति व्यापक र सर्वोत्तम सार्वजनिक लाभ हुने गरी विनियमावलीको परिच्छेद ३ र ४ मा उल्लिखित शैक्षिक, प्राज्ञिक, स्वास्थ्य तथा अन्य कार्यक्रम संचालन गर्ने प्रयोजनको लागि नेपाल सरकारको नीति, आवधिक योजना, वार्षिक योजना तथा प्राथमिकताअनुसार यस बिनियमावली बमोजिम कार्यक्रम वा आयोजनाको प्रस्ताव गर्न र संघीय, प्रादेशिक र स्थानीय तह बीच हुने सहकार्य तथा साझेदारीको ढाँचा तयार गर्न, कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा समन्वय गर्न र अनुगमन गरी प्रतिवेदन गर्न देहायको कार्यक्रम निर्देशक समिति रहनेछ :

(क) संयोजक — नेपाल ट्रष्टको कार्यकारी सचिव

(ख) सदस्य — प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको सहसचिव

(ग) सदस्य — अर्थ मन्त्रालयको सहसचिव

(घ) सदस्य — नेपाल सरकार, सम्बन्धित विषयगत मन्त्रालयको सहसचिव

(च) सदस्य सचिव — योजना क्षेत्र हेर्ने नेपाल ट्रष्टको उपसचिव

(२) उपविनियम (१) बमोजिम सञ्चालक समिति समक्ष सिफारिस गर्न निर्देशक समितिले वार्षिक कार्यक्रम प्रस्ताव गर्दा देहायको विषय समावेश गर्नु पर्नेछ :

क. कार्यक्रम संचालन हुने क्षेत्र, लक्षित वर्ग, मुख्य क्रियाकलाप विवरण तथा सम्भावित लागत,

ख. प्रस्तावित कार्यक्रम कार्यान्वयन गर्न संघीय, प्रादेशिक र स्थानीय तहको सरकारी निकायको भूमिका,

ग. यस विनियमावली बमोजिमको कार्यक्रमको रकम वा अनुदान दिइने शैक्षिक, प्राज्ञिक, स्वास्थ्य वा अन्य निकाय/संस्था छनौट सम्बन्धी आधार र मूल्यांकन विधि,

घ. रकम र अनुदान निकासाको तरिका,

ङ. नियमावलीको नियम ७(घ) अनुसार विभिन्न सहकारी, गैर सरकारी निकाय वा सार्वजनिक संस्थासँग सहकार्य वा साझेदारीको विषय,

च. कार्यक्रम कार्यान्वयन गर्न आवश्यक देखिएका अन्य विषयहरु ।

(३) उपविनियम (१) र (२) अनुसार निर्देशक समितिको सिफारिसका आधारमा सञ्चालक समितिले कार्यक्रम स्वीकृत गर्नु पर्नेछ ।

परिच्छेद-३

शैक्षिक क्षत्रसँग सम्बन्धित कार्यक्रम

५. **अध्ययन गर्नु पर्नेः** (१) नियमावलीको नियम ३ को उपनियम (२) को खण्ड (क) बमोजिम ट्रष्टले कुनै शैक्षिक संस्था स्थापना गर्नु अगाडि त्यस्तो संस्थाको स्थापना तथा सञ्चालन सम्बन्धमा आवश्यकता र लागत अनुमान सम्बन्धी विवरण सहितको अध्ययन प्रतिवेदन नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय वा अन्य विषयगत निकायबाट प्राप्त गर्न कार्यालयले माग गर्नु पर्नेछ ।

(२) ट्रष्टले स्थापना गर्ने शैक्षिक संस्थाको किसिम र स्थानको निर्धारण उपविनियम (१) को अध्ययन प्रतिवेदनको आधारमा सञ्चालक सञ्चालक समितिले गर्नेछ। त्यसरी शैक्षिक संस्था स्थापना गर्ने स्थान र शैक्षिक संस्थाको किसिमको निर्धारण गर्दा दुर्गम र पिछडिएको क्षेत्रमा प्राविधिक शिक्षा प्रदान गर्ने शैक्षिक संस्थालाई प्राथमिकता दिनु पर्नेछ।

(३) ट्रष्टबाट स्थापित वा ट्रष्टको नाममा स्वामित्व कायम भई आएको जग्गामा संचालित शैक्षिक संस्थाको निरन्तरताको लागि आवश्यक पर्ने जनशक्ति, स्रोत र साधनको प्रभावकारी व्यवस्थापनको लागि सञ्चालक समितिले आवश्यक कानूनी तथा संस्थागत संरचनाको व्यवस्था गर्नेछ।

६. **शैक्षिक संस्थालाई अनुदान दिनेः** (१) नियमावलीको ३ को उपनियम (२) को खण्ड (ग) बमोजिम कुनै सामुदायिक शिक्षण संस्था वा साहित्य, विज्ञान तथा प्रविधि सम्बन्धी सामुदायिक वा सार्वजनिक शैक्षिक वा प्राज्ञिक संस्थालाई विषयगत निकायले अनुसूची-१ बमोजिम प्राथमिकीकरण गरी पेश गरेको आधारमा निर्देशक समितिको सिफारिस बमोजिम सञ्चालक समितिले अनुदान प्रदान गर्न सक्नेछ ।

(२) उपविनियम (१) बमोजिमको अनुदान सामुदायिक विद्यालयका लागि आवश्यक विज्ञान प्रयोगशालाका सामग्री, फर्निचर, कम्प्युटर, प्रिन्टर, फोटोकपी, पुस्तकालयको लागि आवश्यक पुस्तक तथा अन्य शैक्षिक सामग्री खरिद गर्न वा त्यस्तो प्रयोजनको लागि आवश्यक कोठाको व्यवस्थापन कार्यमा खर्च गर्नको लागि प्रदान गरिनेछ।

(३) उपविनियम (१) बमोजिमको अनुदानको दिने प्रयोजनको लागि विषयगत निकायले विनियमावली-१८ बमोजिम समझदारी गरी कार्यान्वयन गर्नु पर्नेछ ।

७. **शिक्षकलाई तलब भत्ता अनुदान दिनेः** नियमावलीको नियम ३ को उपनियम (२) को खण्ड (ङ) बमोजिम निर्देशक समितिको सिफारिसका आधारमा दुर्गम तथा पिछडिएका क्षेत्रका विद्यालयमा विज्ञान, गणित र अंग्रेजी विषय अध्यापनको लागि अनुदान दिदा एक विषयमा एकजना शिक्षकलाई स्तरअनुसारको तलब भत्ता बापत सञ्चालक समितिले तलब अनुदान दिन सक्नेछ।

८. **तालिम सञ्चालन अनुदान दिनेः** (१) सञ्चालक समितिले नियमावलीको नियम ३ को उपनियम (२) को खण्ड (छ) बमोजिम सामुदायिक विद्यालयका शिक्षकको स्तरवृद्धिका लागि विषयगत शिक्षण विधि विषयमा तालिम सञ्चालन गर्नका लागि विषयगत निकायबाट माग प्राप्त गरी निर्देशक समितिको सिफारिसमा सञ्चालक समितिले तोकेको रकम अनुदान दिन सक्नेछ।

(२) उपविनियम (१) बमोजिम सार्वजनिक वा सामुदायिक विद्यालयमा कार्यरत शिक्षकको स्तरवृद्धिका लागि तालिमको सञ्चालन नेपाल सरकारसँग आबद्ध निकाय वा संस्थाबाट गराउने गरी देहायको आधारमा तालिम सञ्चालन अनुदान दिइनेछः-

(क) तालिम प्राथमिकता प्राप्त विषयसँग सम्बद्ध हुनु पर्ने,

(ख) शिक्षकको स्तरवृद्धि तालिम दिने सम्बन्धमा आवश्यकता पहिचान गरिएको हुनु पर्ने,

(ग) खण्ड (ख) बमोजिम आवश्यकता पहिचान भएका दुर्गम तथा पिछडिएको जिल्ला मध्येबाट आदिवासी जनजाती, दलित एवं आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका समुदायका सन्तान अध्ययन गर्ने विद्यालयमा अध्यापन गराउने शिक्षकहरुलाई प्राथमिकता दिनु पर्ने,

(घ) तालिमको लागि शिक्षकको छनोट गर्दा सम्बन्धित प्रदेश वा स्थानीय तहसँग समन्वय र परामर्श गर्नु पर्ने।

(३) उपविनियम (१) बमोजिम तालिम सञ्चालन अनुदानको रकम तालिम सञ्चालन गर्ने निकायबाट प्राप्त लागत अनुमानको आधारमा सञ्चालक समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(४) तालिम सञ्चालन अनुदान निकासा गर्ने समय, तरिका र पटक उपविनियम (१) को सिफारिसमा खुलाइ पठाउनु पर्नेछ ।

९. **सामुदायिक शैक्षिक संस्थाको भौतिक संरचना को लागि अनुदान दिने:** (१) नियमावलीको नियम ३ को उपनियम (२) को खण्ड (च) बमोजिम भौतिक संरचनाको अभाव र श्रोतको कमी भएका दुर्गम तथा पिछडिएका क्षेत्रका सामुदायिक विद्यालयको भवन निर्माण तथा मर्मत सम्भारको लागि विषयगत निकायले अनुसूची २ बमोजिम प्राथमिकीकरण गरी पेश गरेको आधारमा निर्देशक समितिको सिफारिस बमोजिम सञ्चालक समितिले अनुदान दिन सक्नेछ।

(२) उपविनियम (१) को प्रयोजनको लागि नेपाल सरकारबाट भवन निर्माण तथा मर्मतका लागि बजेट नछुट्याइएका दुर्गम तथा पिछडिएका क्षेत्रका सामुदायिक विद्यालयको पहिचान गर्नु पर्नेछ।

(३) उपविनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राकृतिक प्रकोपका कारण तत्काल विद्यालय भवन निर्माण वा मर्मत सम्भार गर्नु पर्ने भई बजेटको व्यवस्था हुन नसकेमा वा विनियोजित बजेटको अभाव भएमा सामुदायिक विद्यालयको भवन निर्माण तथा मर्मत सम्भारको लागि शिक्षा तथा खेलकुद मन्त्रालयबाट अनुरोध भएमा सञ्चालक समितिले विषयगत निकाय मार्फत अनुदान दिन सक्नेछ।

(६) कार्यालयले उपविनियम (५) बमोजिम प्रदान गरेको अनुदानको रकम सोही कार्यक्रममा खर्च भए वा नभएको सम्बन्धमा कार्यक्रम निर्देशक समितिद्वारा अनुगमन गरी सोको प्रतिवेदन कार्यालय समक्ष पेश गर्नु पर्नेछ।

(७) उपविनियम (६) बमोजिम पेश भएको प्रतिवेदनबाट अनुदानको रकम उद्देश्य अनुकूल खर्च भएको नपाइएमा सोको व्यहोरा कार्यकारी सचिवले सञ्चालक समितिको बैठक समक्ष राख्नेछ र सञ्चालक समितिले सो सम्बन्धमा आवश्यक निर्णय लिन सक्नेछ।

१०. **शैक्षिक संस्था सञ्चालन अनुदान दिने:** (१) नियमावलीको नियम ३ को उपनियम (२) को खण्ड (झ) को प्रयोजनको लागि आर्थिक रुपले विपन्न शैक्षिक संस्थालाई त्यस्तो संस्थाको शैक्षिक स्तर वृद्धि गर्न कुशल व्यवस्थापन सेवाको लागि विषयगत निकायले देहायका आधारमा प्राथमिकीकरण गरी पेश गरेबमोजिम निर्देशक समितिले गरेको सिफारिसअनुसार सञ्चालक समितिले अनुदान प्रदान गर्न सक्नेछः-

(क) शैक्षिक संस्थाको ऐतिहासिक महत्व,

(ख) शैक्षिक संस्थाले शिक्षाको विकासमा पुऱ्याएको योगदान,

(ग) शैक्षिक संस्थाको आर्थिक रुपले विपन्नताको अवस्था,

(घ) शैक्षिक संस्थाबाट लाभान्वित हुने वर्ग,

(ङ) सञ्चालक समितिले तोकेका अन्य आधारहरु।

(२) यस विनियमको प्रयोजनका लागि कुशल व्यवस्थापनको मापन देहायका आधारमा गरिनेछः-

(क) विद्यार्थी संख्या र वार्षिक परीक्षामा उत्तीर्ण प्रतिशतमा वृद्धि,

(ख) वार्षिक शैक्षिक क्यालेण्डर अनुसारको कार्यक्रम सम्पन्न भएको वा नभएको,

(ग) विद्यालयमा उपलब्ध शैक्षिक भौतिक पूर्वाधारहरु,

(घ) लेखापरीक्षण र पारदर्शिता,

(ङ) अन्य शैक्षिक गतिविधिहरुको सञ्चालनको अवस्था।

(३) उपविनियम (३) बमोजिम ट्रष्टबाट अनुदान प्राप्त गर्ने शैक्षिक संस्थाले व्यवस्थापन सुधारका लागि लाग्ने प्रस्तावित रकम मध्ये पचास प्रतिशत रकम आफैले व्यहोर्ने भएमा मात्र शैक्षिक संस्थालाई ट्रष्टबाट अनुदान प्रदान गरिनेछ।

११. **<u>शैक्षिक, प्राज्ञिक वा अनुसन्धानात्मक कार्यको लागि अनुदान दिनेः</u>** (१) नियमावलीको नियम ३ को उपनियम (२) को खण्ड (ट) बमोजिम सञ्चालक समितिले शैक्षिक, प्राज्ञिक, नवप्रवर्तनात्मक वा अनुसन्धानात्मक कार्यक्रमको लागि उपयुक्त ठहर्‍याएको विषयमा सोधकार्यमा संलग्न जेहेन्दार विद्यार्थीको लागि विनियम (१) को वार्षिक बजेट सीमाअनुसार विषयगत निकायबाट प्राथमिकीकरण भए अनुसार निर्देशक समितिको सिफारिसमा सञ्चालक समितिले अनुदान सहयोग उपलब्ध गराउन सक्नेछ।

(२) उपविनियम (१) बमोजिमको सहयोग उपलब्ध गराउँदा विषयगत निकायले देहायको आधारमा विधार्थी छनौट गर्नु पर्नेछः-

(क) शैक्षिक कार्यक्रमको लागि जेहेन्दार विद्यार्थी हुनु पर्ने,

(ख) आफूले उत्तीर्ण गरेको परीक्षामा कम्तीमा पचहत्तर प्रतिशत अंक हासिल गरेको हुनु पर्ने,

(ग) विद्यार्थीको आर्थिक क्षमता न्यून रहेको हुनुपर्ने,

(घ) ट्रष्टद्वारा निर्धारित अन्य शर्त पूरा गर्न मन्जूर गरेको हुनु पर्ने, आर्थिक सहयोग प्राप्त गर्ने विद्यार्थीले अध्ययनको विषय, अध्ययन गरेको शैक्षिक संस्था आदि परिवर्तन गर्न नपाउने,

(ङ) विशेष परिस्थिति परेका अध्ययनरत विद्यार्थी।

स्पष्टीकरण: यस खण्डको प्रयोजनको लागि विशेष परिस्थिति भन्नाले विद्यार्थीको आमा, बाबु वा पालनपोषण गर्ने संरक्षक वा अभिभावकको मृत्यु भएको, निजका परिवारका सदस्य मध्ये कसैलाई कडा रोग लागेको, विपद्जन्य घटना वा दुर्घटनाको कारणले गर्दा चरम आर्थिक संकटमा परेका विद्यार्थी सम्झनु पर्छ।

(३) विशेष परिस्थिति परेका विद्यार्थीले उपविनियम (१) बमोजिमको अनुदान सहयोग प्राप्त गर्न देहायको कागजात समेत पेश गर्नु पर्नेछः-

(क) विद्यार्थीको बाबु आमाको मृत्यु भएको भए सम्बन्धित निकायले दिएको मृत्यु दर्ताको प्रमाणपत्र,

(ख) कडा रोग लागी उपचार गर्दा गर्दै चरम आर्थिक संकटमा परेको भए त्यस्तो रोगको निदान सम्बन्धी स्वास्थ्य संस्थाको सिफारिसपत्र वा रोग निदान पत्र वा उपचारमा रहेको विवरण, र

(ग) प्राकृतिक विपत्तिमा परेको भए सम्बन्धित गाउँपालिका वा नगरपालिका, जिल्ला प्रशासन कार्यालय वा गृह मन्त्रालयले दिएको सिफारिसपत्र।

(४) शैक्षिक वा प्राज्ञिक वा कुनै अनुसन्धानात्मक कार्यको लागि सम्बन्धित शैक्षिक संस्थाबाट स्वीकृत कार्ययोजना वा अनुसन्धान प्रस्ताव (रिसर्च प्रोपोजल) पेश गर्नुपर्नेछ।

(५) शैक्षिक वा प्राज्ञिक वा अनुसन्धानात्मक कार्यको लागि ट्रष्टबाट अनुदान सहयोग पाउने संस्था वा व्यक्तिले आफू सहभागी भएको शैक्षिक कार्यक्रममा हासिल गरेको शैक्षिक वा प्राज्ञिक उपलब्धि, गरेको अनुसन्धान प्रतिवेदनको एक प्रति सम्झौता गर्ने निकायमा बुझाउनु पर्नेछ।

१२. **छात्रवृत्ति सम्बन्धी व्यवस्थाः** (१) नियमावलीको नियम ३ को उपनियम (२) को खण्ड (घ) तथा खण्ड (ञ) को प्रयोजनको लागि प्राविधिक शिक्षा र उच्च शिक्षा अध्ययनको लागि विषयगत निकायबाट प्राथमिकीकरण भए अनुसार निर्देशक समितिको सिफारिसमा सञ्चालक समितिले देहाय बमोजिमको छात्रवृत्ति सहयोग उपलब्ध गराउन सक्नेछ।

(क) **नेपाल ट्रष्ट विपन्न छात्रवृत्तिः** आर्थिक रुपले विपन्न परिवारका सञ्चालक समितिले वार्षिक कार्यक्रममा तोकेको संख्याका प्रवेशिका वा सो सरहको परीक्षामा उच्च अंक प्राप्त गरी उतीर्ण भएका छात्र तथा छात्रालाइ प्राविधिक शिक्षा हाँसिल गर्नका लागि प्रति वर्ष प्रति विधार्थी अधिकतम पैंतीस हजार रुपैयाँ राशीको नेपाल ट्रष्ट विपन्न छात्रवृत्ति उपलब्ध गराउनेछ।

(ख) **नेपाल ट्रष्ट दलित तथा पिछडिएको क्षेत्र उत्थान छात्रवृत्तिः उच्च माध्यमिक परीक्षामा उच्च अंक प्राप्त गर्ने दलित तथा पिछडिएका क्षेत्रमा** सञ्चालक समितिले वार्षिक कार्यक्रममा तोकेको संख्याका छात्र तथा छात्राको लागि उच्च शिक्षा

अध्ययन गर्नेको लागि प्रति वर्ष प्रति व्यक्ति अधिकतम पैंतीस हजार रुपैयाँ राशीको नेपाल ट्रष्ट दलित उत्थान छात्रवृत्ति उपलब्ध गराउने छ।

(ग) **नेपाल ट्रष्ट पिछडिएको क्षेत्र छात्रवृत्तिः** आर्थिक रुपले विपन्न दुर्गम तथा पिछडिएको क्षेत्रमा सञ्चालक समितिले वार्षिक कार्यक्रममा तोकेको संख्याका प्रवेशिका वा सो सरहको परीक्षामा उच्च अंक प्राप्त गरी उतीर्ण भएका छात्र तथा छात्रालाइ प्राविधिक शिक्षा हाँसिल गर्नका लागि प्रति वर्ष प्रति विधार्थी अधिकतम पैंतीस हजार रुपैयाँको नेपाल ट्रष्ट विपन्न छात्रवृत्ति उपलब्ध गराउनेछ।

(३) उपविनियम (१) बमोजिम छात्रवृत्ति प्रदान गर्न विधार्थीको योग्यता, दरखास्त, मूल्यांकन सञ्चालक समिति, छनौट, कबुलियतनामा र भुक्तानी विधि सम्बन्धी व्यवस्था अनुसूची -३ बमोजिम विषयगत निकायबाट विनियम १६ को समझदारीमा उल्लेख भए अनुसार हुनेछ।

परिच्छेद-४

स्वास्थ्य क्षेत्रसँग सम्बन्धित कार्यक्रम

१३. **अस्पताल वा स्वास्थ्य संस्था स्थापना गर्नेः** (१) नियमावलीको नियम ३ को उपनियम (३) को खण्ड (क) मा उल्लेख भए बमोजिम सञ्चालक समितिले सार्वजनिक प्रयोजनको लागि अस्पताल वा स्वास्थ्य संस्था स्थापना गर्नु अगाडि त्यस्तो संस्थाको स्थापना तथा सञ्चालन सम्बन्धमा आवश्यकता, प्राथमिकता र लागत अनुमान सम्बन्धी विवरण सहितको अध्ययन प्रतिवेदन नेपाल सरकार, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयबाट प्राप्त गर्न कार्यालयले माग गर्नु पर्नेछ ।

(२) यस विनियम बमोजिम स्वास्थ्य संस्था स्थापना तथा सञ्चालनको लागि पूर्वाधार निर्माणमा लाग्ने खर्च, औषधि, उपकरण खरिदका लागि लाग्ने रकम, प्राविधिक जनशक्तिको सेवा वापत लाग्ने खर्च सम्बन्धी आवश्यकताको आधारमा निर्देशक समितिको सिफारिसमा सञ्चालक समितिले कार्यक्रम स्वीकृत गर्न सक्नेछ ।

(३) दुर्गम तथा पिछडिएको क्षेत्रमा विषयगत निकायबाट विशेष स्वास्थ्य शिविर सञ्चालन गर्नुपर्ने आवश्यकता पहिचान भई विषयगत निकायबाट माग भएमा सरोकारवालाको सहयोग समेत लिई जिल्ला जनस्वास्थ्य कार्यालयको समन्वयमा मातृशिशु तथा आँखा रोग लगायतका विशेष स्वास्थ्य शिविर सञ्चालन गर्न निर्देशक समितिको सिफारिसमा सञ्चालक समितिले कार्यक्रम स्वीकृत गर्न सक्नेछ ।

(४) नेपाल सरकारद्वारा एकपटक स्थापना र सञ्चालनमा आएका स्वास्थ्य संस्थालाई निरन्तर रुपमा सञ्चालनको व्यवस्था गर्न र स्तरोन्नतीका लागि जिल्ला जनस्वास्थ्य कार्यालयसंग समन्वय गरी निर्देशक समितिको सिफारिसमा सञ्चालक समितिले अनुदान दिन सक्नेछ।

१४. **सुगम क्षेत्रमा अस्पताल स्थापना गर्न सक्नेः** (१) सञ्चालक समितिले आय आर्जनका लागि नियमावलीको नियम ३ को उपनियम (३) को खण्ड (ग) बमोजिम सुगम क्षेत्रमा अस्पताल स्थापना गर्नु अगाडि त्यस्तो

अस्पताल स्थापना तथा सञ्चालन सम्बन्धमा नेपाल सरकार, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयबाट सम्भाव्यता अध्ययन प्रतिवेदन माग गर्नु पर्नेछ ।

(४) सञ्चालक समितिले अस्पताल स्थापनाको लागि आवश्यक पूर्वाधार निर्माण, उपकरण तथा औषधि खरिद, जनशक्ति व्यवस्थापन, परामर्श सेवा आदिको लागि लागत अनुमान अनुसार कार्यक्रम संचालनको अवधारणा तयार गरी विनियम ३ बमोजिमको वार्षिक बजेटको सीमा भित्र रही निर्देशक समितिको सिफारिसका आधारमा कार्यक्रम स्वीकृत गर्न सक्नेछ ।

परिच्छेद-५

साझेदारीमा कार्यक्रम सञ्चालनसम्बन्धी व्यवस्था

१५. **साझेदारीमा शैक्षिक संस्था संचालन गर्न सक्ने:** (१) यस विनियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि शिक्षा ऐन, २०२८ को दफा ३ को उपदफा (७घ) अनुरुप कार्यान्वयन व्यवस्था मिलाउन सञ्चालक समितिले उपयुक्त ठहऱ्याएको ट्रष्टको स्वामित्वमा रहेको सम्पत्ति शैक्षिक क्षेत्रमा उपयोग गर्नको लागि अध्ययन प्रतिवेदनको आधारमा गैर नाफामूलक संस्थासँगको साझेदारीमा शैक्षिक संस्था संचालन गर्न तथा शैक्षिक कार्यक्रम संचालन गर्न सक्नेछ।

(२) उपविनियम (१) बमोजिम सञ्चालक समितिले साझेदारीका लागि देहायको कार्यक्षेत्रगत शर्त पालना हुने गरी कम्तीमा पन्ध्र दिनको म्याद दिइ अनुसूची -४ बमोजिमको प्रस्ताव पेश गर्न सार्वजनिक सूचना आव्हान गर्न सक्नेछः-

(क) शैक्षिक संस्थाको प्रयोजनको लागि भवन, प्रयोगशाला, पुस्तकालय, भान्सा, आवश्यकता अनुसार छात्रावास र खेलकुद लगायतका आवश्यक संरचना निर्माणमा गैर नाफामुलक संस्थाले आफ्नै स्रोतबाट रकम लगानीको सुनिश्चितता ,

(ख) तोकिएको संख्याका विधार्थीको लागि गुणस्तरीय शैक्षिक र अतिरिक्त क्रियाकलाप सहित विधार्थीको समग्र व्यक्तित्व विकासको सुनिश्चितता,

(ग) शिक्षा सम्बन्धी प्रचलित नेपाल कानून अनुसार राष्ट्रिय पाठयक्रम तथा शैक्षिक मापदण्ड बमोजिम कार्यान्वयनको व्यवस्था,

(घ) विद्यार्थीका लागि शत प्रतिशत निःशुल्क विद्यालय शिक्षा, विद्यालय पोशाक, शैक्षिक सामग्री, पुस्तकालय, कम्प्युटर र सूचना प्रविधिको उपकरण, आवश्यकता अनुसार भोजन र बस सेवा, विद्यालयमा प्राथमिक स्वास्थ्योपचार व्यवस्था,

(ङ) दुर्गम तथा पिछडिएका र आर्थिक रुपले विपन्न परिवारका बालबालिकालाई सञ्चालक समितिले तोकेको निःशुल्क पठनपाठनको व्यवस्था,

(च) सञ्चालक समितिले तोके बमोजिमको छात्रावास संचालनको व्यवस्था,

(छ) निर्माण गरिएको र पूर्ववत कायम रहेको भौतिक संरचनाको नियमित मर्मत संभार र सञ्चालनको व्यवस्था,

(ज) शैक्षिक संस्था संचालन गर्न दिन सकिने अधिकतम तीस वर्ष अवधिको लागि उपयुक्त अनुसार श्रोत सुनिचितताको विवरण,

(झ) सञ्चालक समितिले तोकेको अन्य कार्य ।

(३) यस विनियम बमोजिम संचालन हुने वा ट्रष्टबाट स्थापित वा ट्रष्टको नाममा स्वामित्व कायम भई आएको जग्गामा संचालित शैक्षिक संस्थाको निरन्तरताको लागि सार्वजनिक शैक्षिक गुठीको सञ्चालक समिति (बोर्ड अफ ट्रष्टिज) को अध्यक्षता गर्ने अधिकारी सञ्चालक समितिले तोके बमोजिम हुनेछ ।

१६. **साझेदारीमा स्वास्थ्य संस्था संचालन गर्न सक्ने**ः (१) यस विनियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि प्रचलित कानूनको इजाजत लिई सञ्चालक समितिले उपयुक्त ठहऱ्याएको ट्रष्टको स्वामित्वमा रहेको सम्पत्ति स्वास्थ्य क्षेत्रमा उपयोग गर्नको लागि अध्ययन प्रतिवेदनको आधारमा गैर नाफामूलक संस्थासँगको साझेदारीमा स्वास्थ्य संस्था संचालन गर्न तथा स्वास्थ्य सम्बन्धी कार्यक्रम संचालन गर्न सक्नेछ।

(२) उपविनियम (१) बमोजिम सञ्चालक समितिले साझेदारीका लागि देहायको कार्यक्षेत्रगत शर्त पालना हुने गरी कम्तीमा पन्ध्र दिनको म्याद दिइ अनुसूची -४ बमोजिमको प्रस्ताव पेश गर्न सार्वजनिक सूचना आव्हान गर्न सक्नेछः-

(क) स्वास्थ्य संस्थाको प्रयोजनका लागि आवश्यक भवन, बहिरङ्ग तथा अन्तरङ्ग वार्ड, भान्सा, अत्याधुनिक प्रयोगशाला, आवश्यकता अनुसार खेलकुद तथा पुनस्थापना केन्द्र लगायतका आवश्यक संरचना निर्माणमा गैर-नाफामूलक संस्थाले आफ्नै स्रोतबाट रकम लगानीको सुनिश्चितता,

(ख) तोकिएको संख्याका विरामी तथा लक्षित वर्गका लागी गुणस्तरीय, सुरक्षित र भरपर्दो उपचार सेवा सहित स्वास्थ्य संस्थाको दिगो संचालनको सुनिश्चितता,

(ग) स्वास्थ्य सम्बन्धी प्रचलित नेपाल कानून, राष्ट्रिय स्वास्थ्य नीति तथा स्वास्थ्य मन्त्रालयद्धारा तोकिएको स्वास्थ्य मापदण्ड बमोजिम कार्यान्वयनको व्यवस्था,

(घ) लक्षित बिरामी तथा नागरिकका लागि शत प्रतिशत निःशुल्क परामर्श, उपचार, शल्यक्रिया, औषधि, एमबुलेन्स सेवा तथा आकस्मिक स्वास्थ्योपचारको उचित व्यवस्था,

(ङ) दुर्गम, पिछडिएका र आर्थिक रुपले विपन्न परिवारका विरामीहरुका लागि सञ्चालक समितिले तोके बमोजिमको पूर्ण रुपमा निःशुल्क आकस्मिक तथा विशेषज्ञ स्वास्थ्य सेवाको व्यवस्था,

(च) सञ्चालक समितिले तोके बमोजिम टाढाबाट आउने बिरामीका कुरुवाको लागि बस्ने गृह र स्वास्थ्य कर्मी एवं कर्मचारीहरुका लागि आवश्यक आवास सञ्चालनको व्यवस्था,

(छ) निर्माण गरिएको र पूर्ववत कायम रहेको भौतिक संरचनाको नियमित मर्मत संभार र सञ्चालनको व्यवस्था,

(ज) स्वास्थ्य संस्था संचालन गर्न दिन सकिने अधिकतम तीस वर्ष अवधिको लागि उपयुक्त अनुसार श्रोत सुनिचितताको विवरण,

(झ) सञ्चालक समितिले तोकेको अन्य कार्य ।

१७. <u>प्रस्ताव मुल्याङ्कन सम्बन्धी व्यवस्था:</u> (१) विनियम १५ र १६ बमोजिम प्राप्त हुने प्रस्तावको मूल्यांकन सञ्चालक समितिले तोकेको आधार बमोजिम हुनेछ र प्रस्ताव मूल्यांकन गर्न देहायको मूल्यांकन समिति गठन हुनेछ :

(क) संयोजक - नेपाल ट्रष्टको सहसचिव

(ख) सदस्य - विषयगत मन्त्रालयको उपसचिव

(ग) सदस्य - नेपाल ट्रष्टको कानून हेर्ने उपसचिव

(घ) सदस्य - नेपाल ट्रष्टको लेखा अधिकृत

(ङ) सदस्य सचिव - सम्पत्ति व्यवस्थापन हेर्ने नेपाल ट्रष्टको उपसचिव ।

(२) मूल्यांकन समितिले उपविनियम (१) बमोजिम प्रस्ताव प्राप्त भएको १० कार्यदिन भित्र सिफारिस प्रतिवेदन पेश गर्नु पर्नेछ र उक्त सिफारिसको आधारमा गैर नाफामूलक संस्थालाई शिक्षा वा स्वास्थ्यको क्षेत्रमा उपयोग गर्न दिन सञ्चालक समितिले स्वीकृति प्रदान गर्नेछ।

(३) उपविनियम (२) बमोजिमको निर्णयको आधारमा छनौट भएका गैर नाफामूलक संस्थासँग र आवश्यकता अनुसार प्रचलित कानूनबमोजिम संघीय, प्रादेशिक वा स्थानीय तहका निकायसँग कार्यालयले सम्झौता गर्नेछ ।

(४) यस परिच्छेद बमोजिम कार्य सञ्चालन गर्दा गैर नाफामूलक संस्थाले आफ्नै श्रोतबाट कार्य सञ्चालन वा खरिद कार्य गर्दा संस्थाको कानूनी प्रावधान बमोजिम गर्नु पर्नेछ ।

(५) यस परिच्छेद बमोजिम कार्यक्रम संचालन गर्न गराउन तथा शैक्षिक एवं स्वास्थ्य सम्बन्धी मापदण्ड कार्यान्वयन गर्न शिक्षा एवं स्वास्थ्यसँग सम्बन्धित प्रचलित कानून बमोजिम संघीय, प्रादेशिक र स्थानीय तहसँग समन्वय गरिनेछ ।

(६) गैर नाफामूलक संस्थाले शैक्षिक एवं स्वास्थ्य सम्बन्धी मापदण्ड पालना भए नभएको सम्बन्धमा प्रचलित शिक्षा एवं स्वास्थ्य सम्बन्धी कानूनअनुसार सम्बन्धित विषयगत निकायले अनुगमन गर्नेछ ।

(७) उपविनियम (३) बमोजिमको सम्झौताका शर्तको पालना गरे नगरेको सम्बन्धमा समय समयमा कार्यालयले अनुगमन गर्नेछ र सम्झौताका शर्तहरुको पालना नभएको पाइएमा कार्यालयले आवश्यक निर्देशन दिन सक्नेछ ।

(८) उपविनियम (७) बमोजिम अनुगमन गर्दा सम्झौताको विपरित कार्य गरेको देखिएमा वा निर्देशनको पालना नगरेको देखिएमा कार्यालयले सम्झौता रद्द गर्न सक्नेछ ।

तर सम्झौता रद्द अगाडी सफाइ पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

परिच्छेद-६

विविध

१८. **समझदारी वा सम्झौता गर्नु पर्ने:** यस विनियमावली बमोजिम कार्यक्रम संचालन वा अनुदान रकम प्रदान गर्नु अगाडि सञ्चालक समितिले निर्धारण गरेको शर्त तथा ढाँचामा कार्यालयले सरकारी निकायसँग समझदारी र संस्थासँग सम्झौता गर्नु पर्नेछ ।

१९. **अनुदान रकम भुक्तानी:** (१) यस विनियमावली बमोजिम प्रदान गरिने अनुदान रकमको निकासा सञ्चालक समितिले स्वीकृत गरेअनुसार उपलब्ध गराइनेछ ।

(२) स्वीकृत कार्यक्रमको अनुदान रकम विषयगत निकायसँग समन्वय गरी विषयगत निकाय वा सम्बन्धित शैक्षिक संस्था वा स्वास्थ्य संस्था वा निकायको बैंक खातामा पठाउनु पर्नेछ ।

२०. **अभिलेख राख्नु पर्ने:** कार्यालयले यस विनियमावली अनुसार छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीको विवरण सहितको अभिलेख अध्यावधिक गरी राख्नु पर्नेछ।

२१. **लेखापरीक्षण सम्बन्धी व्यवस्था:** (१) यस विनियमावली बमोजिम कार्यक्रम कार्यान्वयन गर्न निकासा भएको रकम वा उपलब्ध गराइएको अनुदान रकमको खर्च, हिसावकिताब सरकारी निकायले आर्थिक प्रशासन र खरि सम्बन्धी प्रचलित कानून बमोजिम गर्नु पर्नेछ र विषयगत निकायको लेखापरीक्षण गर्दा यो रकमको समेत लेखापरीक्षण गराउनु पर्नेछ ।

(२) उपविनियम (१) बाहेक शैक्षिक वा स्वास्थ्य संस्थाले अनुदान रकम प्राप्त गरेमा संस्थाको कानूनबमोजिम लेखापरीक्षण गराइ सोको प्रतिवेदन पेश गर्नु पर्नेछ ।

२२. **प्रतिवेदन पेश गर्नुपर्ने:** (१) कार्यालयबाट अनुदान प्राप्त गर्ने विषयगत निकाय वा संस्थाले प्राप्त अनुदान अन्तर्गत वर्षभरि गरेको कार्य तथा आर्थिक कारोबार आर्थिक वर्ष अन्त्य भएको १५ दिन भित्र कार्यालयमा पेश गर्नुपर्नेछ।

(२) सञ्चालक समितिबाट प्राप्त अनुदानको खर्चको मासिक तथा त्रैमासिक विवरण सम्बन्धित संस्था/निकायले कार्यालयमा पेश गर्नु पर्नेछ।

२३. **प्रकाशन गर्नुपर्ने:** कार्यालयले यस विनियमावली बमोजिम संचालित कार्यक्रमको वार्षिक प्रगति विवरण आर्थिक वर्ष अन्त्य भएको तीन महिना भित्र प्रकाशन गरी सार्वजनिक गर्नु पर्नेछ ।

२४. **बाधा अडकाउ फुकाउ:** यस विनियममावली कार्यान्वयनमा कुनै बाधा अडकाउ भएमा सञ्चालक समितिले आवश्यक निर्णय गर्नेछ ।

अनुसूची-१

(बिनियम ६ अनुसार विषयगत निकायले प्राथमिकीकरण गर्ने फाराम)

<u>सामुदायिक वा सार्वजनिक शैक्षिक वा प्राज्ञिक संस्थालाई अनुदान प्रयोजन</u>

श्री .....,

....., ।

१. विद्यालयको विवरण :-

(क) विद्यालयको नाम :

(ख) स्थापना भएको वर्ष :

(ग) अध्ययनरत विद्यार्थी संख्या :

(घ) अगाडिल्लो वर्ष पास आउट संख्या :

(ङ) उत्तीर्ण प्रतिशत अगाडिल्लो तीन वर्षको :

२. विज्ञान तथा प्रविधि र व्यवसायिक शिक्षा शिक्षण सम्बन्धी विवरण :-

(क) विज्ञान प्रयोगशाला छ/छैन/व्यवस्थित छैन :

(ख) कम्प्युटर कक्ष छ/छैन/व्यवस्थित छैन :

(ग) कम्प्युटर कक्षमा कम्प्युटर टेबुल छ/छैन :

(घ) कम्प्युटर कक्षमा कम्प्युटर डेस्क छ/छैन :

(ङ) कम्प्युटर कक्षमा विद्युतीय सञ्जालको व्यवस्था : छ/छैन :

(च) कम्प्युटर कक्षमा कम्प्युटर वैकल्पिक विद्युतीय सञ्जालको व्यवस्था : छ/छैन :

३. स्थानीय निकाय वा अन्य संस्थाबाट प्राप्त हुने अनुदानको एकमुष्ठ रकम रु. :

४. नपुग हुने रकम :

५. गाउँपालिका/नगरपालिकाको सिफारिशपत्र :

६. गाउँ/नगर शिक्षा शाखाको सिफारिशपत्र :

८. नेपाल ट्रष्टको कार्यालयबाट प्राप्त हुने अनुदान रकम खर्च हुने क्षेत्र :-

(क) विज्ञान प्रयोगशाला भवन निर्माण :

(ख) विज्ञान प्रयोगशालाको यन्त्र उपकरण र रसायन आदि खरिद र व्यवस्थापन :

(ग) कम्प्युटर कक्ष निर्माण :

(घ) इन्टरनेट सुविधा जडान :

(ङ) पुस्तकालयका लागि पुस्तक र शैक्षिक सामाग्री खरिद:

(च) व्यवसायिक शिक्षा शिक्षणको क्षेत्र :

(छ) कृषि, बागवानी, वायरिङ्ग, यन्त्र उपकरण जडान तथा मर्मत आदि :

द्रष्टव्यः *(१) माथिल्लो विवरण भर्दा विनियम१२ को उपनियम (३) मा तोकिएका आधारहरु स्पष्ट हुने गरी भर्नु पर्नेछ।*

अनुसूची २

(विनियम ९ सँग सम्बन्धित)

सामुदायिक शैक्षिक संस्थालाइ भौतिक संरचनाका लागि अनुदान दिन विषयगत निकायले प्राथमिकीकरण गर्ने फाराम

१. भौतिक पूर्वाधार कार्यक्रम सम्बन्धीः

क. कार्यक्रमको प्रस्ताव पेश गर्ने सार्वजनिक सूचनामा देहायका कुराहरु समेत खुलाउनु पर्नेछः-

१. प्रस्ताव पेश गर्ने तरिका,

(ख) प्रस्ताव पेश गर्ने स्थान र अन्तिम मिति,

(ग) प्रस्ताव साथ पेश गर्नु पर्ने आवश्यक कागजात विवरण,

(घ) अन्य आवश्यक कुराहरु।

(२) प्राप्त भएका प्रस्तावहरु मध्येबाट सञ्चालक समितिले देहायको आधारमा अनुदान प्रदान गरिने शैक्षिक संस्थाको छनौट गर्नेछः-

(क) शैक्षिक संस्थाको भौतिक पूर्वाधारको अवस्था,

(ख) आर्थिक स्रोत जुटाउन सक्ने क्षमता,

(ग) शैक्षिक संस्थामा अध्ययनरत महिला तथा दलित समुदायका विद्यार्थीको संख्यात्मक अवस्था,

(घ) शैक्षिक संस्था रहेको स्थानको भौगोलिक अवस्थिति,

(ङ) विषयगत निकायले निर्धारण गरेका अन्य उपयुक्त आधारहरु।

(३) अनुदान प्रदान गर्दा कुल अनुदानको पच्चीस प्रतिशतले हुन आउने रकम स्थानीय सहयोग वा स्थानीय तहबाट व्यवस्था गर्न सक्ने शैक्षिक संस्थालाई प्राथमिकता दिनु पर्नेछ।

अनुसूची-३

(विनियम १२ बमोजिम)

विषयगत निकायले प्रयोग गर्ने छात्रवृत्ति छनौटको विधि र कबुलियतनामा

(क) **<u>छात्रवृत्तिको लागि दरखास्त आह्वान गर्नेः</u>** (१) ट्रष्टले प्रदान गर्ने छात्रवृत्तिको लागि प्रत्येक वर्ष कक्षा बाह्रको बोर्ड परीक्षाको नतीजा प्रकाशन हुने समयलाई ध्यानमा राखी कम्तीमा साठी दिनको म्याद तोकी राष्ट्रिय दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गरी विषयगत निकायले दरखास्त माग गर्दा देहायका कुराहरु खुलाउनु पर्नेछः-

(क) विधार्थी छनौटको आधार र योग्यता,
(ख) दरखास्त बुझाउने स्थान र तरिका,
(ख) दरखास्त बुझाउने अन्तिम मिति,
(ग) दरखास्त साथ पेश गर्नु पर्ने कागजात विवरण,
(घ) ट्रष्टले तोकेका अन्य आवश्यक विवरण

ख) <u>छात्रवृत्तिको लागि दिने दरखास्त</u>

श्री .....,

.....।

महोदय, श्री .....जिल्ला..... गाउँपालिका/नगरपालिका वडा नं. .....घर भई हाल .....जिल्लाको..... विद्यालयमा अध्ययनरत ..... को छोरा/छोरी श्री/सुश्री..... वर्ष .....को नागरिकता प्रमाणपत्र नं. .....भएको र राष्ट्रिय परीक्षा बोर्डबाट लिइएको सम्वत् .....सालको माध्यमिक तहको अन्तिम परीक्षामा .....श्रेणीमा उत्तीर्ण गरी हाल .....मा अध्ययनरत छु। .....बाट मिति २०.....।..।.....मा प्रकाशित सूचनाअनुसार प्रदान गरिने छात्रवृत्तिको लागि म पनि योग्य भएकोले निम्न विवरणहरु खुलाई यो दरखास्त गरेको छु।

१. पारिवारिक अवस्था :-

(क) परिवारको संख्याः
(ख) दाजुभाई दिदी बहिनी जम्मा संख्याः
(ग) बाजे बज्यै वा अन्य कोही संगोलमा भएः
(घ) बाबु आमाको शैक्षिक योग्यताः
(ङ) दाजुभाई तथा दिदी बहिनीले अध्ययन गरेको विद्यालयको नामः

२. आर्थिक अवस्था :-

(क) दैनिक आम्दानी (अनुमानित):

(ख) वार्षिक आम्दानी (अनुमानित):

३. जग्गा जमिनको विवरण :-

(क) खेत रोपनी:

(ख) वारी रोपनी:

(ग) घर घडेरी:

(घ) अन्य जग्गा:

(ङ) अन्यत्र जिल्लामा जग्गा जमिन भए:

(च) अन्यत्र जिल्लामा घर घडेरी:

(जग्गा जमिन छैन भनी मालपोत कार्यालयबाट प्रमाणित गरिएको कागजात संलग्न गरेको छु।)

४. घरको संरचना :- माटो, ढुङ्गाले बनेको / पक्की / अन्य (धारा, बिजुली, शौचालय आदि भए नभएको) :

५. अन्य यान्त्रिक उपकरण :- (सवारी साधन, ट्याक्टर, पावर ट्रिलर, फोटोकपी मेशिन, कम्प्युटर आदि आय आर्जनमा लगाईएको सामग्री वा साधन कुनै भए खुलाउने) :

६. पारिवारिक रोजगारीको अवस्था (परिवारका कुनै सदस्य रोजगारीमा) :-

(क) स्वदेश वा स्थानीय रोजगारीमा रहेको :

(ख) वैदेशिक रोजगारीमा रहेको :

७. अध्ययन गरेको विद्यालयको सिफारिस :- सामुदायिक / निजी :

८. गाउँपालिका/नगरपालिकाको सिफारिशपत्र : ९. अन्य संस्थाबाट छात्रवृत्ति प्राप्त गरेको भए त्यसको विवरण :

१०. अध्ययन गरेको विषय : ११. कोर्ष पूरा गर्न लाग्ने समय : १२. अनुमानित खर्च :-

(क) शैक्षिक शुल्क :

(ख) अध्ययन सामग्री खर्च :

(ग) अन्य खर्च :

१३. छात्रवृत्ति भुक्तानीको लागि :-

(क) बैङ्क खाता नम्बर :

(ख) खाता खुलाईएको प्रमाण स्वरुपको कागजात (बैंकको पत्र वा अन्य प्रमाण) :

१४. विद्यालय भर्ना भएको निस्सा :

१५. जन्म दर्ता प्रमाणपत्र :

१६. नागरिकताको प्रमाणपत्र :

१७. मतदाता परिचयपत्र :

१८. शारीरिक अपाङ्गता भएको व्यक्तिको हकमा महिला तथा बालबालिका कार्यालयबाट जारी भएकी अपाङ्गता परिचयपत्र :

<u>ग. विधार्थीसँग गरिने कबुलियतनामा</u>

म नेपाल ट्रष्टको कार्यालयबाट छात्रवृत्ति प्राप्त गरी नेपाल ट्रष्टको कार्यालयले तोकेको दुर्गम तथा पिछडिएको क्षेत्रमा गई .....सम्मको अध्ययन पश्चात .....अवधिको अनिवार्य सेवा गर्नेछु। तोकिएको समयसम्म सेवा नगरेमा मेरो स्थानमा अर्को व्यक्ति करारमा राख्न लाग्ने रकम मेरो चल अचल जायजेथाबाट असुल उपर गरिलिएमा मेरो मन्जुर छ भनी यो कबुलियतनामा गरी .....मा चढाएँ।

दस्तखत :

नाम :

ठेगाना :

उमेर :

इति सम्बत् २० साल महिना गते रोज शुभम्।

(औंठाको छाप - दायाँ / बायाँ)

अनुसूची- ४

(विनियम १५ सँग सम्बन्धित)

<u>गैर नाफामूलक संस्थाले पेश गर्नुपर्ने कागजात, विवरण तथा प्रस्ताव</u>

४(क). शिक्षा क्षेत्र सम्बन्धीः

१. शैक्षिक संस्थाको प्रयोजनको लागी भवन, प्रयोगशाला, पुस्तकालय, भान्सा, आवश्यकताअनुसार छात्रावास र खेलकुद लगायतका आवश्यक संरचना निर्माणमा लाग्ने खर्चको विवरण, लगानी गरिने रकम र सोको आबधिक स्रोत पूर्तिको व्यवस्था,

२. शैक्षिक संस्थाको नियमित संचालन तथा व्यवस्थापन गर्नु पर्ने र सोको तरिका, सो को लागत खर्चको विवरण, खर्च व्यहोर्ने स्रोत र सो को दीगो व्यवस्थापनका कार्य,

३. ट्रष्टले तोकेको संख्याका विधार्थीको लागी गुणस्तरीय शैक्षिक र अतिरिक्त क्रियाकलाप सहित विधार्थीको समग्र व्यक्तित्व विकासका लागि आवश्यक रकमको प्रक्षेपण र सो रकम व्यहोर्ने श्रोत पूर्तिको व्यवस्था,

४. विद्यार्थीका लागि शत प्रतिशत निःशुल्क शिक्षा तथा आवश्यकताअनुसार भोजन, विद्यालय पोशाक, शैक्षिक सामग्री, पुस्तकालय, कम्प्युटर र सूचना प्रविधिको उपकरण, आवश्यकतानुसार बस सेवा, विद्यालयमा प्राथमिक स्वास्थ्योपचार व्यवस्थाका लागि लागत खर्चको विवरण र रकम व्यहोर्ने स्रोत व्यवस्था,

५. गरीब परिवारका टूष्टले तोकेको संख्याका बालबालिकालाई निःशुल्क पठनपाठन व्यवस्था गर्न तथा आवश्यकताअनुसार छात्रावास संचालनको व्यवस्था गर्न आवश्यक कार्य र सो को रकम व्यहोर्ने स्रोत।

६. साझेदारीमा निर्माण गरिएको र पूर्ववत कायम रहेको भौतिक संरचनाको नियमित मर्मत संभार र संचालनको व्यवस्थाका लागि आवश्यक रकम प्रक्षेपण र सो रकम व्यहोर्ने स्रोत ।

७. उपर्युक्त कार्यको लागि ट्रष्टको अनुदान नलिइ गर्न सकिने अन्य कार्यको रकम ।

८. उपर्युक्त सबै प्रकारका कार्यका लागि दिगो श्रोत व्यवस्थापन सुनिश्चितता सम्बन्धी प्रतिवद्धता सहितका कागजात र वित्तीय विवरण,

९. उपर्युक्त कार्यको लागी लाग्ने अनुमानित समयावधिको विवरण,

१०. सञ्चालक समितिले तोकेबमोजिमका अन्य विवरण ।

११. लागत अनुमान तयार गर्दा देहायको ढाँचामा विवरण हुनुपर्नेछ र आवश्यकतानुसार विवरण थप गर्न सकिनेछः

क्रियाकलाप/विवरण	इकाइ	जना/संख्या/पटक	प्रति इकाइ रु.	मासिक रु.	जम्मा रु.	वार्षिक रु.
क. पुर्वाधार स्तरोन्नति र विस्तार सम्बन्धी क्रियाकलाप						
१.						
ख. विद्यार्थीको संख्याको विवरण						
१						
ग. शिक्षक र कर्मचारी व्यवस्थापनका क्रियाकलाप						
१						

घ. शैक्षिक गुनस्तर र समग्र व्यक्तित्व विकासका क्रियाकलाप						
१						
ङ. संचालन खर्च सम्बन्धी विवरण						
१						
च. अतिरिक्त शैक्षिक क्रियाकलाप संचालन खर्च सम्बन्धी विवरण						
१.						
छ. खेलकुद सम्बन्धी क्रियाकलाप						
१.						
ज. भोजन व्यवास्था सम्बन्धी खर्च विवरण						
१.						
झ. विद्युत खानेपानी खर्च						
१.						
ञ. लाइब्रेरी व्यवस्था सम्बन्धी कार्य						
१.						
ट. प्रयोगशाला संचालनका क्रियाकलाप						
१.						
ठ. सूचना प्रविधि प्रयोगशालाका क्रियाकलाप						
१.						
ड. प्राथमिक स्वास्थ्योपचार सेवाको क्रियाकलाप						
१.						
ढ. पोशाक खर्च						
१.						
ण. बस सेवा खर्च						
१.						
त. भवन मर्मत संभार खर्च						
१.						
थ. अन्य						
१.						
			कूल जम्मा रु.			

४(ख). स्वास्थ्य क्षेत्र सम्बन्धीः

१. स्वास्थ्य संस्थाको प्रयोजनका लागि आवश्यक भवन, बहिरङ्ग तथा अन्तरङ्ग वार्ड, भान्सा, अत्याधुनिक प्रयोगशाला, आवश्यकताअनुसार खेलकुद तथा पुनस्थापना केन्द्र लगायतका आवश्यक संरचना निर्माणमा लाग्ने खर्चको विवरण, लगानी गरिने रकम र सोको आबधिक स्रोत पूर्तिको व्यवस्था,

२. स्वास्थ्य संस्थाको नियमित संचालन तथा व्यवस्थापन गर्नु पर्ने र सोको तरिका, सो को लागत खर्चको विवरण, खर्च व्यहोर्ने स्रोत र सो को दीगो व्यवस्थापनका कार्य,

३. तोकिएको संख्याका विरामी तथा लक्षित वर्गका लागी गुणस्तरीय, सुरक्षित र भरपर्दो उपचार सेवा सहित स्वास्थ्य संस्थाको दिगो विकासको लागि आवश्यक रकमको प्रक्षेपण र सो रकम व्यहोर्ने श्रोत पूर्तिको व्यवस्था,

४. लक्षित बिरामी तथा नागरिकका लागी निःशुल्क परामर्श, उपचार, शल्यक्रिया, औषधि, एम्बुलेन्स सेवा तथा आकस्मिक स्वास्थ्योपचार, स्वास्थ्य सम्बन्धी सामग्री, प्रयोगशाला, कम्प्युटर र सूचना प्रविधिको उपकरण, आवश्यकतानुसार बस सेवा व्यवस्थाका लागि लागत खर्चको विवरण र रकम व्यहोर्ने स्रोत व्यवस्था,

५. ट्रष्टले तोके बमोजिम टाढाबाट आउने बिरामीका कुरुवाको लागि बस्ने गृह र स्वास्थ्य कर्मी एवं कर्मचारीहरुका लागि आवश्यक आवास सञ्चालनको व्यवस्था गर्न आवश्यक कार्य र सो को रकम व्यहोर्ने स्रोत।

६. साझेदारीमा निर्माण गरिएको र पूर्ववत कायम रहेको भौतिक संरचनाको नियमित मर्मत संभार र संचालनको व्यवस्थाका लागि आवश्यक रकम प्रक्षेपण र सो रकम व्यहोर्ने स्रोत ।

७. उपर्युक्त कार्यको लागि ट्रष्टको अनुदान नलिइ गर्न सकिने अन्य कार्यको रकम ।

८. उपर्युक्त सबै प्रकारका कार्यका लागि दिगो श्रोत व्यवस्थापन सुनिश्चितता सम्बन्धी प्रतिवद्धता सहितका कागजात र वित्तीय विवरण,

९. उपर्युक्त कार्यको लागी लाग्ने अनुमानित समयावधिको विवरण,

१०. सञ्चालक समितिले तोकेबमोजिमका अन्य विवरण ।

११. लागत अनुमान तयार गर्दा देहायको ढाँचामा विवरण हुनुपर्नेछ र आवश्यकतानुसार विवरण थप गर्न सकिनेछः

क्रियाकलाप/विवरण	इकाइ	जना/संख्या/पटक	प्रति इकाइ रु.	मासिक रु.	जम्मा रु.	वार्षिक रु.
क. पुर्वाधार स्तरोन्नति र विस्तार सम्बन्धी क्रियाकलाप						
१.						
ख. उपचार सेवा तथा सैयाको संख्याको विवरण						
१.						
ग. चिकित्सक र कर्मचारी व्यवस्थापनका क्रियाकलाप						
१						
घ. गुणस्तरीय स्वास्थ्य विकासका क्रियाकलाप						

१						
ङ. संचालन खर्च सम्बन्धी विवरण						
१						
च. अतिरिक्त स्वास्थ्य क्रियाकलाप संचालन खर्च सम्बन्धी विवरण						
१.						
छ. खेलकुद सम्बन्धी क्रियाकलाप						
१.						
ज. विरामीको भोजन व्यवास्था सम्बन्धी खर्च विवरण						
१.						
झ. विद्युत,खानेपानी आदि संचालन खर्च						
१.						
ञ. प्रयोगशाला संचालनका क्रियाकलाप						
१.						
ट. सूचना प्रविधि प्रयोगशालाका क्रियाकलाप						
१.						
ठ. प्राथमिक/आकस्मिक स्वास्थ्योपचार सेवाको क्रियाकलाप						
१.						
ड. पोशाक खर्च						
१.						
ढ. बस सेवा खर्च						
१.						
ण. भवन मर्मत संभार खर्च						
१.						
त. अन्य						
१.						
			कूल जम्मा रु.			